नेपाल सरकार

# गृह मन्त्रालय

(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
फ्याक्स: ०१-४२११२८६
०१-४२११२५७
इमेल:control@moha.gov.np
mohacontrolroom@gmail.com

सिंहदरवार,
काठमाडौं, नेपाल।

पत्र संख्याः- शा.सु.०७७/०७८/०६
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- ३१५

मितिः २०७७/०४/२१

विषयः- निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री प्रहरी महानिरीक्षकज्यू,
प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाण्डौं ।

श्री सशस्त्र प्रहरी महानिरीक्षकज्यू,
सशस्त्र प्रहरी बल नेपाल, प्रधान कार्यालय, हलचोक, काठमाण्डौ ।

श्री मुख्य अनुसन्धान निर्देशकज्यू,
राष्ट्रिय अनुसन्धान विभाग, बरफवाग ।

श्री प्रमुख जिल्ला अधिकारीज्यू,
जिल्ला प्रशासन कार्यालय, सवै ।

प्रस्तुत विषयमा कोभिड-१९ को संक्रमण बढ्दै गएको वर्तमान अवस्थामा सो को रोकथाम र नियन्त्रणका लागि देहाय बमोजिमको निर्देशनलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने आवश्यक व्यवस्था हुन नेपाल सरकार (मन्त्रिपरिषद्)को निर्णयानुसार अनुरोध छ ।

१. नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा जारी जनस्वास्थ्य मापदण्ड तथा गृह मन्त्रालयद्वारा जारी सुरक्षा मापदण्ड कडाईका साथ पालना गर्ने, गराउने । मास्क नलगाउने वा जनस्वास्थ्य मापदण्डको उल्लंघन गर्ने व्यक्तिलाई दण्ड जरिवाना गर्ने । जनस्वास्थ्य मापदण्ड तथा सुरक्षा मापदण्ड उल्लंघन गर्ने व्यक्ति, समूह तथा संस्था भए सो को सञ्चालक समेतलाई कारवाही गर्ने ।

२. काठमाण्डौं उपत्यका प्रवेश गर्ने अत्यावश्यक ढुवानी बाहेकका अन्य सवै यात्रुवाहक सवारी साधनहरुलाई बेलुका ७:०० बजेदेखि विहान ७:०० बजेसम्म आवागमन निषेध गरिएको व्यवस्थालाई कडाईका साथ लागु गर्ने । काठमाण्डौं उपत्यका र कोभिड-१९ को २०० भन्दा बढी सक्रिय संक्रमण केश भएका जिल्लामा अत्यावश्यक सेवा बाहेकका सार्वजनिक तथा निजी सवारी साधनहरु भोलि मिति २०७७/०४/२२ गतेदेखि लागुहुने गरी जोर विजोर नम्बरका आधारमा मात्र सञ्चालन गर्ने व्यवस्था गर्ने । यस वर्गमा पर्ने जिल्लाका शहरी इलाकामा जिल्ला भित्र समेत बेलुका ९:०० बजेदेखि विहान ५:०० बजेसम्म आवागमन बन्द गर्ने ।

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
फ्याक्स: ०१-४२११२८६
०१-४२११२५७
इमेल:control@moha.gov.np
mohacontrolroom@gmail.com

नेपाल सरकार

# गृह मन्त्रालय

(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

नेपाल सरकार
गृह मन्त्रालय

सिंहदरवार,
काठमाडौं, नेपाल।

पत्र संख्याः- शा.म.०७७/०७८/०६
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- ३१५

३. कोभिड-१९ को संक्रमणको जोखिमको विश्लेषण गरी जोखिम बढेको क्षेत्र/स्थानलाई जिल्ला कोभिड संकट व्यवस्थापन केन्द्र (DCCMC) ले निर्णय गरी तुरुन्त बन्द गर्ने, कोभिड-१९ को थप परीक्षणको व्यवस्था मिलाउने ।

४. नेपाल सरकारको निर्णय बमोजिम आगमन अनुमति पाएका व्यक्ति बाहेक अन्तर्राष्ट्रिय सीमा नाकामा हुने आवतजावतलाई कडाइका साथ निषेध गर्ने ।

५. होटल, रेष्टुरेण्टमा हुने सामूहिक भोज, पार्टी, सेमिनार वा अन्य सामूहिक भेला जस्ता कार्य निषेध गर्ने ।

२०७८/०१/२९
...............
(किशोर विश्वकर्मा)
शाखा अधिकृत

अवगतार्थः
माननीय मन्त्रीज्यूको सचिवालय, गृह मन्त्रालय ।

श्रीमान् मुख्य सचिवज्यूको सचिवालय,
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार ।

श्रीमान् गृह सचिवज्यूको सचिवालय, गृह मन्त्रालय ।

बोधार्थः
श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाह पथ, काठमाण्डौ ।
श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय, सबै प्रदेश ।